मध्यविन्दु बहुमुखी क्याम्पसमा कार्यरत विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरूका लागि क्याम्पसको समयावधिभित्र हुने कुनैपनि स्वास्थ्य समस्याको प्राथमिक उपचार गर्ने, आवश्यक व्यक्तिका लागि शारीरिक स्वास्थ्य परीक्षण गर्ने, स्वास्थ्य सम्बन्धी शिविरहरू आयोजना गर्ने, नियमित स्वास्थ्य परीक्षण गर्ने, समसामयिक विषयवस्तुमा आवश्यक स्वास्थ्य शिक्षा र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, समसामयिक स्वास्थ्य सम्बन्धी विषयमा आवश्यक जानकारी गराउने, रक्तसंचार कार्यक्रम आयोजना गर्ने, विशेषज्ञ स्वास्थ्यविद् तथा जनस्वास्थ्यसँग सरोकार राख्ने निकायबिच अन्तरक्रिया र विभिन्न कार्यक्रमहरू गर्ने, युवा रेडक्रस सर्कललाई परिचालन गर्ने र युवा रेडक्रस मार्फत सञ्चालन हुने विविध कार्यक्रमहरूको समन्वय, अनुगमन र निर्देशन गर्ने, समुदायसँग सहकार्य र सामाजिक उत्तरदायित्व अन्तर्गत समुदायमा सञ्चालन गरिने विभिन्न सामाजिक कल्याणका कार्यक्रमहरू सञ्चालन र समन्वय गर्ने, एल्मुनाई एशोसिएसनसँग समन्वय गरी उक्त निकायले गर्ने कार्यक्रमहरूमा सहभागिता जनाउने, आवश्यक सहयोग गर्ने र समुदाय तथा क्याम्पसलाई जोड्ने खालका उद्देश्य लिई यो समिति क्याम्पसबाट आधिकारिक रुपमा गठन भएको हो । यस समितिले सबै किसिमका स्वास्थ्य समस्याहरूको आवश्यक निगरानी राख्दै, व्यवस्थापन गर्दै, एल्मुनाइ एशोसिएसन तथा युवा रेडक्रस सर्कलहरूलाई समेत परिचालन गर्दै क्याम्पसमा क्याम्पस प्रशासनको सहमति र सहकार्यमा विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ । यसै परिप्रेच्छमा यही २०८० साल वैशाख ०१ गते नयाँ वर्षको शुभारम्भसँगै कावासोती-१२ स्थित लक्ष्मीनारायण मन्दिर परिसरमा रहेको वृद्धाश्रमलाई लक्षित गर्दै आउटरिच

कार्यक्रम समेत सञ्चालन गरेको थियो । जसको विस्तृत विवरण यहाँ प्रस्तुत गरिएको छ ।

आ. आउटरिच कार्यक्रमका उद्देश्यहरू

२०८० साल वैशाख ०१ गतेका दिन सञ्चालित आउटरिच कार्यक्रम एक ऐतिहासिक महत्वको थियो । उक्त कार्यक्रम आयोजना गर्नुका प्रमुख उद्देश्यहरू यसप्रकार रहेका थिए-

क) मन्दिर परिसरमा रहेको वृद्धाश्रमको भौतिक अवस्था पहिचान गर्नु,

ख) वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकहरूको अवस्था विश्लेषण गर्नु,

ग) वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गरी आवश्यक व्यवस्थापन गर्नु,

घ) वृद्धावस्थामा विशेष ध्यान दिनुपर्ने कुराहरूबारे जानकारी दिनु र

ङ)वृद्धाश्रम तथा त्यहाँ आश्रित ज्येष्ठ नागरिकहरूलाई आवश्यक सहयोग गर्नु ।

इ. कार्यक्रमको रूपरेखा

श्री लक्ष्मीनारायण मन्दिर, कावासोती-१२ मा रहेको वृद्धाश्रम र त्यहाँ रहेका ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी मध्यविन्दु बहुमुखी क्याम्पस स्वास्थ्य सेवा तथा सामाजिक कल्याण समितिको सहजीकरणमा सञ्चालन भएको एक विशेष कार्यक्रमको रुपरेखा यसप्रकार रहेको थियो-

सि.नं.	कार्यक्रम	प्रस्तुति	सहभागी
१.	आसन ग्रहण र कार्यक्रम उद्घाटन	अध्यक्षता क्याम्पस प्रमुख प्रा.गणेशमान गिरी प्रमुख अतिथि क्याम्पस सञ्चालक समितिका अध्यक्ष जीवन श्रेष्ठ विशेष अतिथि तथा अन्य अतिथिहरू	क्याम्पस सञ्चालक समितिका अध्यक्ष, वडाध्यक्ष, क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, विभागीय प्रमुखहरू, मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरू, युरेस, स्ववियु, कर्मचारी, प्राध्यापक, ज्येष्ठ नागरिक तथा अन्य विद्यार्थीहरू
२.	स्वागत मन्तव्य	करुण लम्साल (सदस्य, स्वा.से. तथा सा.क.स.)	सबै
३.	कार्यक्रमको बारेमा जानकारी	डा. नरनाथ पाण्डे (संयोजक, स्वा.से.तथा सा.क.स.)	सबै

४.	समसामयिक मन्तव्य	वडाध्यक्ष दीपेश खनाल, प्राध्यापक संघका अध्यक्ष महादेव देवकोटा, कर्मचारी संघका अध्यक्ष नारायण चालिसे, मन्दिरका अध्यक्ष तीर्थशरण भण्डारी, स्ववियु सचिव राजन पौडेल, विशेष अतिथि तथा प्रमुख अतिथि	अतिथि तथा सबै सहभागीहरू
५.	सहयोग सामग्री तथा नगद सहयोग	कार्यक्रमका अध्यक्ष, प्रमुख अतिथि र स्ववियु सचिव	
६.	प्राविधिक कार्य	डा. नरनाथ पाण्डे र प्रदीप भट्टराई	ज्येष्ठ नागरिकहरू
७.	समापन	कार्यक्रमका अध्यक्ष प्रा. गणेशमान गिरी	सबै उपस्थित महानुभावहरू

ई. प्राविधिक सत्र

आउटरिच कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण तथा स्वास्थ्य शिक्षा प्रदान गर्ने प्राविधिक कार्यहरू यसप्रकार सम्पन्न गरिएको थियो–

सि.नं.	कार्यक्रम	स्रोत व्यक्ति	पद
१.	ज्येष्ठ नागरिकका समस्या, ध्यान दिनुपर्ने कुरा र अन्य विषयवस्तुमा स्वास्थ्य शिक्षा प्रदान र साधारण स्वास्थ्य परीक्षण	डा. नरनाथ पाण्डे	जनस्वास्थ्य निरीक्षक तथा प्राध्यापक
२.	आँखा परीक्षण	प्रदीप भट्टराई	नेत्र अधिकृत तथा प्राध्यापक
३.	स्वास्थ्य सर्वेक्षण	युवा रेडक्रस सर्कलका विद्यार्थीहरू	

उ. अध्ययन तथा कार्यक्रम सञ्चालन विधि

सर्वप्रथम २०७९ चैत्र १६ गते युरेसका विद्यार्थीहरू संरचित अन्तर्वार्ता सूची लिई पिठौली स्थित लक्ष्मीनारायण मन्दिर परिसर भित्र रहेको वृद्धाश्रममा गई त्यहाँ बस्ने ज्येष्ठ नागरिकहरूलाई

क्रमशः भेटी अन्तर्वार्ता लिदै तथ्याङ्क संकलन गर्ने काम गरियो । तत्पश्चात त्यहाँबाट आएका विषयवस्तुलाई राम्ररी केलाई तथ्याङ्क विश्लेषण गर्दै अवस्था पहिचान गर्ने काम भयो । उक्त संस्थाका भौतिक तथा मानवीय तथ्याङ्कका आधारमा वैशाख ०१ गते मन्दिरमा गई विशेष कार्यक्रमका साथै सहयोग गर्ने योजना बन्यो । तत्पश्चात उक्त दिन क्याम्पस परिवार वृद्धाश्रममा पुगी विशेष कार्यक्रम, स्वास्थ्य शिक्षा कार्यक्रम, स्वास्थ्य परीक्षण कार्यक्रम, आँखा परीक्षण कार्यक्रम सम्पन्न गरी नगद तथा जिन्सी सहयोग समेत गरियो र उपस्थिति समेत गराई काम सम्पन्न भयो ।

ऊ. नतिजा तथा कार्यक्रमको उपलब्धि

वृद्धाश्रमको अवस्था र ज्येष्ठ नागरिकको अवस्थाबारे अध्ययन गर्न संरचित अन्तर्वार्ता सूची लिई युरेसका विद्यार्थीहरू लक्ष्मीनारायण मन्दिरमा गएका थिए । त्यहाँ रहेका महिला ३ र पुरुष ४ जना ज्येष्ठ नागरिकको अन्तर्वार्ता लिइएको थियो । यसैगरी संयोजक डा. नरनाथ पाण्डेले वृद्धाश्रमको भौतिक अवस्थाबारेको अध्ययन गर्न त्यस मन्दिरका अध्यक्ष श्री तीर्थशरणज्यूसँग भेटघाट गरी अन्तर्वार्ता सूची अनुसारका प्रश्नहरू गर्दै तथ्याङ्क संकलन गर्ने कार्य गरिएको थियो ।

तथ्याङ्क संकलनको कार्य सकिएपछि उक्त तथ्याङ्कलाई विश्लेषण गरी समग्र ज्येष्ठ नागरिकको अवस्थाबारे पहिचान भएको र सँगसँगै मन्दिर तथा वृद्धाश्रमको भौतिक अवस्थाको समेत अवस्था पहिचान भएको थियो । सो आधारमा क्याम्पस प्रशासन र स्वा.से. तथा सा.क. समितिबिच अन्तरक्रिया भई आवश्यक सहयोग र स्वास्थ्य परीक्षणको योजना बनेको थियो । योजना अनुरुप त्यस वृद्धाश्रमका ज्येष्ठ नागरिकहरूलाई दैनिक प्रयोगमा आउने केही जिन्सी सामग्री दिने, स्वास्थ्य परीक्षण गरी निःशुल्क उपचार गर्ने र वृद्धाश्रमका लागि नगद सहयोग गर्ने काम गरियो । उक्त कार्यक्रममा देखिएका मुख्य नतिजा र उपलब्धिहरू यसप्रकार छन्–

क) जम्मा ७ जना ज्येष्ठ नागरिकहरूको विवरण सङ्कलन गर्दा महिला ३ र पुरुष ४ जना पाइए । ती मध्ये सबै ४५ वर्ष माथिका थिए भने ८० वर्ष माथिका १ जना मात्र थिए ।

ख) सन्तान नै नहुने ज्येष्ठ नागरिक १ जना थिए भने अरु सबैका छोरा वा छोरीहरू थिए ।

ग) धूम्रपान सेवन गर्ने ज्येष्ठ नागरिक २ जना थिए ।

घ) कुनै रोग नलागेका १ जना र अन्य सबैलाई कुनै न कुनै शारीरिक तथा मानसिक रोगको समस्या थियो र १ जना अपाङ्ग समेत थिए ।

ङ) १ जना ज्येष्ठ नागरिकको मोतियाबिन्दुको समस्या रहेको र त्यसको अप्रेशन गर्नुपर्ने भएकोले निःशुल्क अप्रेशन गर्ने पहल भइरहेको छ ।

च) वृद्धाश्रमको भौतिक व्यवस्थापन तथा ज्येष्ठ नागरिकलाई आवश्यक सामग्री खरीद गर्न क्याम्पसबाट रु. १०,०००/- नगद सहयोग गरिएको र अन्य जिन्सी सहयोग समेत गरिएको थियो । यसबाट थोरै भएपनि उक्त आश्रम र ज्येष्ठ नागरिकलाई सहयोग पुगेको थियो ।

छ) सबै ज्येष्ठ नागरिकहरूको स्वास्थ्य तथा आँखा परीक्षण गरी आवश्यक परामर्श दिइएको थियो । यसबाट उनीहरूले आफू स्वस्थ रहन अपनाउनुपर्ने ज्ञान र सीप सिकेका थिए ।

ज) जनप्रतिनिधिलाई समेत वृद्धाश्रमको अवस्था र ज्येष्ठ नागरिकको अवस्था जानकारी भई आगामी दिनमा गर्नुपर्ने कामबारे योजना बनाउन सहज बनेको थियो ।

झ) मध्यविन्दु बहुमुखी क्याम्पसको मुख्य उद्देश्यका रुपमा रहेको सामाजिक कर्तव्य ऐतिहासिक रुपमा निर्वाह भएको थियो ।

ए. निष्कर्ष र सुझावहरू

लक्ष्मीनारायण मन्दिर पिठौलीमा आश्रित ज्येष्ठ नागरिक अभिनन्दन, स्वास्थ्य परीक्षण, सहयोग तथा शुभार्शिवाद ग्रहण कार्यक्रम २०८० वैशाख १ गते मध्यविन्दु बहुमुखी क्याम्पस र क्याम्पसमा गठन भएको स्वास्थ्य सेवा तथा सामाजिक कल्याण समिति मार्फत कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमका मुख्य निष्कर्षहरू यसप्रकार छन्-

क) मध्यविन्दु बहुमुखी क्याम्पसको मुख्य उद्देश्यका रुपमा रहेको सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग चाहिने ठाउँमा गरिएको सहयोग प्रशंसित भएको वक्ताहरूबाट व्यक्त भएको थियो । यसबाट अझै यस्ता सामाजिक कार्यहरू गर्दै जाने प्रेरणा विद्यार्थी, समिति तथा क्याम्पस प्रशासनलाई मिलेको छ ।

ख) ज्येष्ठ नागरिकहरूलाई आइपर्ने स्वास्थ्य समस्याहरूका बारेमा चेतना प्रदान गरिएको छ, जसले गर्दा उनीहरू स्वास्थ्यप्रति सचेत हुने विश्वास लिइएको छ भने स्वास्थ्य परीक्षण गरी मोतियाबिन्दु र अन्य समस्या पहिचान भई उचित उपचारको व्यवस्था गरिएको छ ।

ग) समुदायमा सञ्चालित वृद्धाश्रमको अवस्था र ज्येष्ठ नागरिकहरूको स्वास्थ्य, सरसफाई, अस्वस्थकर आनीबानीबारे विद्यार्थी तथा अन्य संलग्नहरूलाई जान्ने र बुझ्ने अवसर प्राप्त भएको छ ।

घ) सामाजिक उत्तरदायित्व अन्तर्गत भौतिक तथा प्राविधिक तरिकाले अत्यावश्यक सहयोग गर्ने काम सम्पन्न भएको छ ।

यसका साथै कार्यक्रमको सर्वेक्षण र कार्यक्रम आयोजना गरी सम्पन्न गर्ने क्रममा महसुस् भएका अनुभवका आधारमा र आगामी दिनमा थप प्रभावकारी र उपलब्धिमूलक कार्यक्रम

आयोजना गर्न विभिन्न निकायहरूलाई यसप्रकारका सुझावहरू दिन सकिन्छ–

क) क्याम्पस सञ्चालक समिति, प्रशासन र स्वास्थ्य सेवा तथा सामाजिक कल्याण समितिले संयुक्त रुपमा छलफल गरी प्रत्येक वर्ष विभिन्न स्थानमा यस्ता कार्यक्रम आयोजना गर्न पूर्वयोजना तयार गर्नुपर्ने र सँगसँगै उचित बजेट विनियोजन गर्नुपर्ने । यसका साथै यस्ता कार्यक्रमहरूमा क्याम्पस परिवार र विद्यार्थीहरूको व्यापक सहभागिता गराउनुपर्ने ।

ख) स्थानीय निकायले यस्ता सहयोग गर्नैपर्ने क्षेत्रहरूको पहिचान गरी स्थानीय तवरले समस्या समाधानका लागि पहल गर्नुपर्ने ।

ग) स्वास्थ्य सेवाको पहुँच पुग्न नसक्ने यस्ता क्षेत्रहरूमा स्वास्थ्य सर्वेक्षण गरी स्थानीय स्वास्थ्य संस्थाहरूले समेत आफ्नो वार्षिक कार्यक्रममा समावेश गर्नुपर्ने ।

घ) विद्यार्थीहरूलाई समुदायसँग जोड्न र सामाजिक कार्यमा अग्रसर गराउन विद्यार्थीलाई नै सक्रिय बनाइ यस्ता कार्यक्रमहरू आयोजना गर्ने ।

ङ) स्थानीय व्यवस्थापन समितिका सबै पदाधिकारी तथा सदस्यहरूले आफ्नो संस्थाको भौतिक तथा प्राविधिक विकासका लागि निरन्तर पहल गर्नुपर्ने र सक्रियताका साथ साधन स्रोत खोजी गर्ने काममा अग्रसर हुनुपर्ने ।

ऐ. अनुसूचीहरू

अनुसूची क) कार्यक्रमका खिचिएका फोटोहरू

अनुसूची ख) कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागीहरूको उपस्थिति

अनुसूची ग) स्वास्थ्य सर्वेक्षण फारामको नमुना

पिठौली स्थित वृद्धाश्रममा बस्ने ज्येष्ठ नागरिकहरूका लागि तयार गरिएको अन्तर्वार्ता सूची

मध्यविन्दु बहुमुखी क्याम्पस, कावासोती नवलपुर

सर्वेक्षण गर्ने निकाय : स्वास्थ्य सेवा तथा सामाजिक कल्याण समिति तथा युरेस क्याम्पस कमिटी

१. ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण

क) अन्तर्वार्ता दिने ज्येष्ठ नागरिकको नाम/थर : लिङ्ग : उमेर :

ख) घरको ठेगाना :

ग) मोबाइल नं. (भएमा) :

घ) एकल/श्रीमान् श्रीमती भए नभएको :

ङ) छोरा (जना) :

च) छोरी (जना) :

छ) छोरा छोरीको हालको पेसा र अवस्था :

ज) वृद्धाश्रममा आएको मिति :

झ) वृद्धाश्रममा आउनुको कारण :

ञ) हालको स्वास्थ्यको अवस्था : सामान्य/रोगी, धूम्रपान मद्यपान सेवन गर्ने/नगर्ने

- यदि रोग छ भने कुन कुन रोगले ग्रस्त हुनुहुन्छ ?
- औषधी खाइरहेको वा नखाने गरेको :
- औषधी खाने पैसाको स्रोत के हो ?

ट) वृद्ध भत्ता पाउने गरेको छ/छैन ?

२. ज्येष्ठ नागरिकको अवस्था (हेरेर लेख्ने) :

क) सफा/फोहर ख) कपडाः सफा/मैलो/फाटेको/ठिकै

३. वृद्धाश्रमको अवस्था सम्बन्धी विवरण

क) वृद्धाश्रम परिसरको वातावरण (अवलोकन गरी लेख्ने) : सफा/राम्रो/बगैंचा वा छहारी छ छैन/शौचालय भए नभएको/पानीको स्रोत : चापाकल, धारा, इनार, अन्य

ख) वृद्धाश्रमबारे अन्य केही भए :

अन्तर्वार्ता लिनेको नाम र दस्तखत : मिति :

वृद्धाश्रमका बारेमा जानकारी लिन पदाधिकारीहरूका लागि तयार गरिएको अन्तर्वार्ता सूची

वृद्धाश्रमको नाम र ठेगाना :

क) अन्तर्वार्ता दिने पदाधिकारीको नाम/थर/पद/ठेगाना र मोबाइल नं. :

ख) वृद्धाश्रमको समितिमा कहिलेदेखि आबद्ध हुनुहुन्छ ?

ग) वृद्धाश्रममा हाल कतिजना वृद्धहरू हुनुहुन्छ ? महिला पुरुष जम्मा

घ) वृद्धाश्रमको निर्माण र सञ्चालन कहिलेदेखि भएको हो ?

ङ) वृद्धाश्रममा वृद्धहरूको रेखदेखका लागि कतिजना कर्मचारी/समितिका पदाधिकारीहरू हुनुहुन्छ ?

कर्मचारीको संख्या समितिका पदाधिकारीको संख्या

च) वृद्धाश्रमको आर्थिक स्रोत के के हो ?

छ) यसवर्षका लागि वृद्धाश्रमका लागि कति सहयोग प्राप्त गर्नुभयो ?

ज) हाल वृद्धाश्रमको आर्थिक सञ्चिति कति छ ?

झ) वृद्धाश्रमको मुख्य चुनौति र समस्याहरू के के हुन् ?

ञ) वृद्धाश्रममा सेवा गर्न कत्तिको समय दिनुहुन्छ ?

ट) समितिमा रहेका अरु पदाधिकारीबाट के कस्तो सहयोग पाउनु भएको छ ?

ठ) वृद्धाश्रम सञ्चालन गर्न हालसम्म मुख्य योगदान र सहयोग कुन कुन व्यक्ति/संस्थाको रहेको छ ?

ड) वृद्धाश्रमको सहयोगका लागि के कस्ता अपेक्षा गर्नुभएको छ ?

ढ) यहाँको अरु केही भन्नु थियो कि ?

महत्वपूर्ण समय उपलब्ध गराई सहयोग गरिदिनुभएकोमा हार्दिक धन्यवाद ।

अन्तर्वार्ता लिनेको नाम, दस्तखत, मिति र मोबाइल नं. :

९. यसैगरी यस आ.व.को अन्तिम वा सातौं बैठक २०८० साल असार २४ गते नरनाथ पाण्डेको अध्यक्षता र क्याम्पस प्रमुख प्रा.गणेशमान गिरीको प्रमुख आतिथ्यतामा बसेको थियो । उक्त बैठकले दुईवटा प्रस्तावमाथि छलफल गरी निर्णय गरेको थियो । वार्षिक समीक्षा गर्ने प्रस्तावउपर छलफल गर्दा यसवर्ष समितिले बनाएको कार्ययोजना अनुसार लगभग सबै कार्यक्रम सम्पन्न भएका र एक दुईवटा सम्पन्न गर्न नसकेका कार्यक्रम अर्को वर्ष पुनः कार्ययोजनामा राखी सम्पन्न गर्ने र समग्रमा यसवर्ष ९५ प्रतिशत कार्यक्रम सम्पन्न भएको हुँदा संलग्न सबैलाई धन्यवाद दिने निर्णय गरिएको थियो । दोस्रो प्रस्ताव आगामी आ.व.का लागि तयार गरिएको मस्यौदा कार्ययोजनामाथि छलफल गरिएको र उक्त मस्यौदालाई पूर्णरुप आगामी बैठकले दिने गरी उक्त बैठक सम्पन्न भएको थियो ।

१०. मध्यविन्दु क्याम्पसमा स्वास्थ्य सेवा तथा सामाजिक कल्याण समितिले स्वास्थ्य परीक्षण र उपचारका लागि अत्यावश्यक औषधी तथा उपकरण युरेसको कोषबाट खरीद गरी सञ्चालन गरिएको छ । यसवर्ष गुणस्तरीय सेनेटरी प्याड समेत क्याम्पसबाट खरीद गरी निःशुल्क वितरण गरिएको छ ।

११. यस समितिले स्वास्थ्य सेवाका अलावा आगामी वर्षहरूमा पनि निरन्तर जनचेतनामूलक कार्यक्रम, निःशुल्क आँखा परीक्षण सेवा, साधारण प्राथमिक उपचार तालिम, बक्तृत्वकला कार्यक्रम, रक्तदान कार्यक्रम, सामुदायिक आउटरिच कार्यक्रम, स्वास्थ्य उपचार र परामर्श सेवालाई निरन्तरता दिने योजना बनाएको छ भने सामाजिक कल्याणका कार्यक्रम अन्तर्गत विभिन्न अस्पतालहरूसँग सहकार्य गर्ने, स्वास्थ्य उपचार र चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, वृद्धाश्रमका ज्येष्ठ नागरिक तथा अपाङ्ग पुनर्स्थापना कार्यक्रमलाई आवश्यक सहयोग गर्ने, न्यून आर्थिक अवस्था भएका अन्य विद्यालयका विद्यार्थीहरूलाई ड्रेस वा स्टेशनरी सहयोग गर्ने, लागुपदार्थ दुर्व्यसनी सम्बन्धी चेतनामूलक कार्यक्रम तथा पुनर्स्थापना केन्द्रलाई

सहयोग गर्ने जस्ता कार्यक्रमहरू क्रमशः सञ्चालन गर्ने सोच पनि बनाएको छ ।

१२. यस समितिबाट क्याम्पसमा कार्यरत प्राध्यापक, कर्मचारी र विद्यार्थीलाई कुनै स्वास्थ्य समस्या परे स्वास्थ्य परीक्षण गर्ने, सामान्य औषधी उपचार गर्ने, परामर्श दिने वा प्राथमिक उपचार गर्ने कार्यका लागि समितिको कार्यकक्षमा रहेको स्वास्थ्य उपचार कक्षबाटै उक्त सेवा प्रदान गर्ने काम गरिएको छ । आवश्यक औषधी तथा उपकरणको व्यवस्थापन गर्ने, सहयोग माग गर्ने र क्याम्पसको युरेसको कोषबाट खरिद गर्ने जस्ता प्रक्रिया अपनाई स्वास्थ्य सेवा प्रदान गर्ने काम गरिएको छ । यस वर्ष ०७९/०८० वा २०८० असार मसान्तसम्म तपसिल बमोजिमका सेवाहरू प्रदान गरिएको छ ।

सि.नं.	समस्या	सेवाग्राहीको संख्या		जम्मा सेवाग्राही	कैफियत
		पुरुष	महिला		
१.	टाउको दुखाई	७१	१६९	२४०	
२.	साधारण रुघाखोकी	७७	९२	१६९	
३.	महिनावारीमा हुने समस्या	०	१२०	१२०	
४.	घाँटी दुखाई	३६	५४	९०	
५.	चोटपटक	३३	४३	७६	
६.	पेटको दुखाई	२२	४५	६७	
७.	ज्वरो आउने	२९	३४	६३	
८.	ग्यास्ट्राइटिस	२१	३६	५७	
९.	कमजोरी, रिङ्गटा लाग्ने तथा बेहोश हुने	०	५	५	
१०.	दिसापखाला/आउँ	४	०	४	
११.	आँखाको समस्या	१	१	२	
१२.	कानको समस्या	१	१	२	
१३.	अन्य	३१	६१	९२	
जम्मा सेवा दिएको संख्या		३२६	६६१	९८७	

नोट : निःशुल्क स्यानिटरी प्याड वितरण सेवा संख्या : १,०३० जना ।

यो विवरणमा रक्तचाप परीक्षण गरिएको र अन्य परामर्श सेवा संख्या उल्लेख गरिएको छैन ।

स्वास्थ्य सेवा तथा सामाजिक कल्याण समिति र युरेसको संयुक्त कार्ययोजना

वार्षिक कार्ययोजना- २०८०/०८१

सि.नं.	कार्य विवरण	उद्देश्य	उपलब्धि	कार्य सम्पन्न गर्ने मिति	जिम्मेवार व्यक्ति	सहयोगी	अनुगमन तथा मूल्यांकन	कैफियत
१.	समिति र सरो कारवालासँगको संयुक्त बैठक	आवश्यक छलफल र वार्षिक कार्य योजना बनाउने	सामूहिक निर्णय गर्ने बानीको विकास हुनेछ	श्रावण पहिलो हप्ता	संयोजक	समिति तथा क्याम्पस प्रमुख र स.प्रमुख	क्याम्पस प्रमुख	
२.	युरेस पुनर्गठन कार्यक्रम	सम्बन्धित सबैलाई सहभागी गराउने	नेतृत्व हस्तान्तरण हुनेछ	भाद्र चौथो हप्ता	संयोजक	क्याम्पस प्रशासन, समिति, युरेस	सहायक क्याम्पस प्रमुख	
३.	रेडक्रसका बारे मा बक्तृत्वकला कार्यक्रम	विद्यार्थीलाई रेडक्रसको बारेमा जानकारी गराउने	विद्यार्थीमा रेडक्रसका बारेमा जानकारी प्राप्त भई सहयोगी बानीको विकास हुनेछ	रेडक्रस दिवसको अवसर मा भाद्र महिनामा	युरेस अध्यक्ष, अतिरिक्त क्रियाकलाप विभाग र समितिका संयोजक	युरेस तथा समिति	क्याम्पस प्रशासन	
४.	सर्पदंश सम्बन्धी राष्ट्रिय भेला र चेतनामूलक कार्यक्रम	विद्यार्थी, कर्मचारी तथा प्राध्यापक र सर्वसाधारणलाई सर्पदंशको बारेमा जानकारी गराउने	सर्पदंश, सर्प, प्राथमिक उपचार आदिबारे जानकारी भई व्यवहार परिवर्तन हुनेछ	भाद्र ३ र ४ गते	संयोजक, समिति, युरेस र क्याम्पस प्रशासन	डा.छविलाल थापा र सर्पदंश सम्बन्धी र ाष्ट्रिय संस्था	क्याम्पस प्रमुख	

५.	बैठक तथा सरसफाई कार्यक्रम	विद्यार्थी तथा स्वयंसेवक प्रभावकारी परिचालन गर्ने	विद्यार्थीमा सामाजिक र सामूहिक कार्य गर्ने बानीको विकास हुनेछ	आश्विन अन्तिम हप्ता	युरेस अध्यक्ष र समिति संयोजक	युरेस तथा समिति	क्याम्पस प्रशासन	
६.	चेतनामुलक स्वास्थ्य शिक्षा कार्यक्रम	क्याम्पस परिवार लाई समसामयिक स्वास्थ्य समस्याबारे जानकारी गराउने	समसामयिक स्वास्थ्यका कुराहरुमा ज्ञान, धारणा तथा सीप प्राप्त भई सहभागीहरुको व्यवहार परिवर्तन हुनेछ	कार्तिक अन्तिम हप्ता	समिति संयोजक	समिति तथा युरेस	सहायक क्याम्पस प्रमुख	
७.	बैठक तथा आँखा परीक्षण कार्यक्रम	आँखा परीक्षण गरी सामाजिक सेवामा अग्रसर हुने	मध्यविन्दु क्याम्पसको सामाजिक उत्तरदायित्वको कर्तव्य पुरा हुनेछ	मंसीर पहिलो हप्ता	युरेस अध्यक्ष र समिति संयोजक	युरेस, समिति, क्याम्पस प्रमुख तथा स.प्रमुख र नेपाल ने त्रज्योति संघ नवलपुर	क्याम्पस प्रशासन	
८.	पूर्व विद्यार्थी समाजसँग संयुक्त बैठक	पूर्व विद्यार्थीसँग सहकार्य गर्ने र सक्रिय बनाउने	परिचित हुने र सामूहिक कार्य गर्ने बानीको विकास हुनेछ	पौष तेस्रो हप्ता	संयोजक	समिति, पूर्व विद्यार्थी समाज समिति, क्याम्पस प्रमुख तथा स.प्रमुख	क्याम्पस प्रमुख	

८.	सामान्य प्राथमिक उपचार तालिम	सामान्य प्राथमिक उपचारको ताि लम दिई प्राथमिक उपचारक बनाउने	समस्यामा परेका व्यक्तिको उद्वार गने ि सीपमा विकास भएको हुनेछ	माघ दोस्रो हप्ता	संयोजक	नेरेसो जिल्ला तथा कावासो ती शाखा, समितिका सबै पदाधिक(ारी, युरेसका पदाधिकारी, प्राध्यापक र कर्मचारीहरु	क्याम्पस प्रमुख	
९.	समिति र सरो कारवालासँगको संयुक्त बैठक	वार्षिकोत्सवको बारेमा आवश्यक छलफल गरी यो जना बनाउने	सामूहिक निर्णय गने ि बानीको विकास हुने र राम्रो कार्ययोजना बन्नेछ	फागुन दोस्रो हप्ता	संयोजक	समिति, युरेस, पूर्व विद्यार्थी समाज अध्यक्ष, क्याम्पस प्रमुख तथा स.प्रमुख	क्याम्पस प्रमुख	
१०.	आउटरिच कार्यक्रम	ज्येष्ठ नागरिक भेटघाट, सहयो ग, स्वास्थ्य पर ीक्षण, परामर्श दिने वा बचत समूहहरु छनोट गरी लेखा प्रणालीको तालिम दिने वा आमा समूह र महिला स्वास्थ्य स्वयंसेविका भेटघाट, बैठक, चे तनामूलक कार्यक्रम आयोजना गर्ने वा लागु पदार्थ दुर्व्यसन सम्बन्धी उपयुक्त कार्यक्रम सञ्चालन गर्ने	मध्यविन्दु क्याम्पसको सामाजिक उत्तरदायित्व पुरा हुनेछ र विद्यार्थीहरु सामाजिक गतिविधिमा सक्रिय भई सामाजिक सेवाको प्रक्रियामा पो ख्त हुनेछन्	फागुन तेस्रो हप्ता	क्याम्पस प्रशासन, समितिका संयोजक, BSW कार्यक्रमका प्रमुख, अतिरिक्त क्रियाकल(ाप विभाग प्रमुख	क्याम्पस प्रशासन, समितिका पदाधिकारी, युरेस अध्यक्ष र एल्मुनाई अध्यक्ष	क्याम्पस प्रमुख	सरोकार वालासँग

११.	चेतनामुलक कार्यक्रम	क्याम्पस परिवार लाई समसामयिक स्वास्थ्य समस्याबारे जानकारी गराउने	समसामयिक स्वास्थ्यका कुराहरुमा ज्ञान, धारणा तथा सीप प्राप्त भई सहभागीह(रुको व्यवहार परिवर्तन हुनेछ	चैत्र तेस्रो हप्ता	संयोजक	युरेस, समिति, प्राध्यापक, कर्मचारी र विद्यार्थीहरु	सहायक क्याम्पस प्रमुख	
१२.	रक्तदान कार्यक्रम	रक्तदान गरी सामाजिक सेवामा अग्रसर हुने	मध्यविन्दु क्याम्पसको सामाजिक उत्तरदायित(वको कर्तव्य पुरा हुनेछ	जेष्ठ अन्तिम हप्ता	युरेस अध्यक्ष समिति संयो जक	युरेस, समिति र रेडक्रस उपशाखा कावासोती	क्याम्पस प्रशासन	
१४.	वार्षिक समीक्षा बैठक	वार्षिक गतिवि(धबारे समीक्षा गर्ने	सामूहिक उपलब्धि मूल्यांकन गर्ने बानीको विकास हुनेछ	असार अन्तिम हप्ता	संयोजक	युरेस तथा पूर्व विद्य(ार्थी समाज, समिति, क्याम्पस प्रमुख तथा स.प्रमुख	क्याम्पस प्रमुख	

अतिरिक्त क्रियाकलाप विभाग
वार्षिक प्रतिवेदन -२०७९/०८०

करुण लम्साल
संयोजक

"हामी सक्छौ, हामी गर्छौं" भन्ने तथ्यलाई मूलमन्त्रको रुपमा आत्मासात् गर्दै विद्यार्थीहरुले आर्जन गरेको शैक्षिक तथा प्राज्ञिक ज्ञानलाई जीवनोपयोगी अभ्यासमा लैजानुपर्दछ भन्ने मान्यतालाई विशेष जोड दिँदै यस क्याम्पसले अतिरिक्त क्रियाकलाप विभागलाई संस्थागत गर्दै आएको छ । अतिरिक्त क्रियाकलाप विभागले संचालन गरेका कार्यक्रम मार्फत विद्यार्थीहरुको नेतृत्व विकास तथा लोकतान्त्रिक आचारणको विकास भई राष्ट्रिय स्तरको प्रतियोगितामा समेत उत्कृष्ट नतिजा प्राप्त गर्न सफल भएका छौँ । क्याम्पसको स्थापनाकालदेखि नै संस्थागत रुपमा आन्तरिक र बाह्य गरी अतिरिक्त क्रियाकलाप विभागले विभिन्न कार्यक्रम संचालनका लागि क्याम्पसमा कार्यरत तपसिलका प्राध्यापकहरुको संलग्नतामा एक अतिरिक्त क्रियाकलाप विभाग गठन गरी २०७९/०८० मा विभिन्न कार्यक्रम संचालन गरिएको थियो ।

संयोजकः करुण लम्साल
सदस्यः हिरामणि शर्मा
सदस्यः माहादेव देवकोटा
सदस्यः हिमलाल चापागाई
सदस्यः विष्णु प्रसाद जैसी
सदस्यः पशुपति पोखेल
सदस्यः पदम प्रसाद पराजुली
सदस्यः प्रकाश खनाल
सदस्यः सुन्दर शर्मा

यस विभागले आ.व. २०७९/०८० मा जम्मा १२ वैठक वसी क्याम्पसको क्यालेण्डरमा उल्लेख भए अनुसारका र अन्य क्रियाकलापहरु संचालन गरेको थियो भने विभिन्न बाह्य तथा राष्ट्रिय एवम् अन्तराष्ट्रिय प्रतियोगितामा समेत विद्यार्थीहरुलाई सहभागी गराई उत्कृष्ट नतिजा प्राप्त गर्न सफल भएको छ ।

वार्षिक कार्यक्रम र सहभागीता

१. तिजगीत कार्यक्रम (आन्तरिक)

मितिः २०७५/०५/१२ गते

आयोजकः अतिरिक्त क्रियाकलाप विभाग

प्रथम (BSW 1st Year)

किर्ति भुसाल
सुमिका थापा क्षेत्री
संगिता भट्टराई
नविना गैरे
सविता भुर्तेल
सपना खत्री
आकृति चापागाई
मोहम्मद समिम खान
प्रमिला क्षेत्री

द्वितीय

प्रिया भट्टराई
एन्जीला पाण्डे
एलिसा न्यौपाने
सविना तिवारी
चेतना थापा
विधिका पाठक
काव्या आचार्य

तृतीय MBS 2nd sem.

प्रेमा पराजुली
सृजना अधिकारी
सिमा न्यौपाने
संगिता भट्टराई
कविता अर्याल
सुष्मा सिग्देल
सीता के.सी

२. वक्तृत्वकला प्रतियोगिता (आन्तरिक)

मितिः २०७५/०५/१५

शीर्षकः समाज सेवामा रेडक्रस

आयोजकः स्वास्थ्य तथा सामाजिक कल्याण इकाई

रिमा काफ्ले – प्रथम
देवी पोखरेल – द्वितीय
ओशिन कंडेल –तृतीय

३. वक्तृत्वकला प्रतियोगिता (बाह्य)

मितिः २०७५/०७/२३

शीर्षकः निर्वाचनमा यूवा सहभागीता

आयोजकः VDRC

यामकला पौडेल (मनिषा) प्रथम पुरस्कार (नगद १० हजार र प्रमाणपत्र)

देवी पोखरेल (आशिका) सान्त्वना पुरस्कार (नगद ४ हजार र प्रमाणपत्र)

४. वक्तृत्वकला प्रतियोगिता (बाह्य)

Public Speaking -2022

मितिः २०७५/०७/१७

आकाश कार्की : तृतीय स्थान

५. वादविवाद प्रतियोगिता (बाह्य)

मितिः २०७५/०५/०८

शीर्षकः "आधुनिक जीवनशैली भन्दा प्राकृतिक जीवनशैली उत्तम"

आयोजकः कावासोती नगरपालिका

स्थानः द्वितीय

सहभागीः पुजा पराजुली

६. क्रिकेट प्रतियोगिता (बाह्य)

मितिः २०७९/०८/१६ । १७ गते

स्थानः प्रथम

सहभागी विद्यार्थीहरुः

गिरीराज गौडेल
दर्शन न्यौपाने
रुप व. थापा
सुशान्त लामिछाने
अर्जुन ढकाल
कमल भुर्तेल
आकर्षण सिंह के.सी
प्रशान्त वराल
गोविन्द न्यौपाने
प्रशन्न पाण्डे
विनित वास्ताकोटी
प्रज्ज्वल सुवेदी
आशिक आचार्य
सुजन सिग्देल
रोहित रिजाल

७. राष्ट्रिपति कप खेलकूद प्रतियोगिता- २०७९

आयोजकः कावासोती नगरपालिका

सहभागी विद्यार्थीहरुः

आयुष्मा जि.सी. २०० मिटर दौड- तृतीय
अन्जन ढकाल २०० मिटर दौड - द्वितीय
अन्जन ढकाल ४०० मिटर दौड - द्वितीय
चित्र कुमारी सापकोटा ४०० मिटर दौड-प्रथम
सन्दिप वि.क. ८०० मिटर दौड - तृतीय
आयुष्मा जि.सी. ८०० मिटर दौड - तृतीय
सृजना ठकुरी १५०० मि. दौड - द्वितीय
चित्र कुमारी सापकोटा
आयुष्मा जि.सी.
सृजना ठकुरी ४x१०० मि. दौड -प्रथम
निशा थापा मगर
सुदिप वि.क. Long Jump - प्रथम
चित्र कुमारी सुवेदी Long jump- प्रथम
चित्रकला सापकोटा
आयुष्मा जि.सी.
निशा थापा मगर ४x४०० रिले दौड- द्वितीय
सृजना ठकुरी

८. छात्र कवड्डी प्रथम

सविन राई
सुसन महतो
विवेक पाइजा मगर
गोविन्द न्यौपाने
दर्शन न्यौपाने
गिरिराज गौडेल
शुशान्त लामिछाने
रुप बहादुर थापा
अनिश गाहा मगर
सुजन मल्ल
सन्देश मगर
रेशम थनैत
मनोज शर्मा - तेक्वान्दो (U52) - तृतीय

९. क्रिकेट प्रतियोगिता (बाह्य)

मितिः २०७९/०९/१५

आयोजकः रोयल क्रिकेट एकेडेमी देवचुली

स्थानः प्रथम पुरस्कार (नगद ५०००० र प्रमाणपत्र)

सहभागी विद्यार्थीहरुः

गौरव विश्वकर्मा

अनिश जि.सी.
कैलाश पंगेनी
सचिन कुमार भट्टराई
केशव गिरी
विशाल पौडेल
आयुष सुवेदी
अदित राउत
शुशान्त लामिछाने
निशान कूंवर
प्रशन्न पाण्डे
दर्शन न्यौपाने
गोविन्द न्यौपाने
प्रज्ज्वल भुसाल
निश्चल भुसाल

१०. नृत्य प्रतियोगिता

आयोजकः कुमारवर्ती वहुमुखी क्याक्पस
स्थानः द्वितीय
सहभागी विद्यार्थीहरुः
तुफान राना,
सचिन सिंजाली,
प्रिया भट्टराई
सिम्रन श्रेष्ठ
दिपिका राना
शितल पौडेल
भुमिका कंडेल

११. हाजिर जावफ प्रतियोगिता (आन्तरिक)

मितिः २०७५/११/०५
आयोजकः अतिरिक्त क्रियाकलाप विभाग
प्रथमः
किरण अर्याल BBS 2nd
सुजन वोटे BBS 2nd
यामकला पौडेल BBA 1st sem.
द्वितीयः
सुरज पौडेल
अनुप ढकाल
स्मृति भट्टराई
तृतीयः
सुशान्त ढकाल
सविन न्यौपाने
हिना गुरौ

१२. स्वतन्त्र कविता लेखन (आन्तरिक)

मितिः २०७५/११/०५
एलिसा न्यौपाने प्रथम
किरण अर्याल द्वितीय BBS 2nd year
भगवति गौतम तृतीय BBS 1st year
मान्सु न्यौपाने सान्त्वना BBS 1st year

१३. वक्तृत्वकला प्रतियोगिता (वाह्य)

मितिः २०७५/११/१५
आयोजकः कावासोती नगरपालिका
स्थानः प्रथम
सहभागीः देवि पोखरेल
शीर्षकः "हाम्रो शिक्षक राम्रो शिक्षक, विद्यार्थीको नजरमा शिक्षक"

१४. वक्तृत्वकला प्रतियोगिता (वाह्य)

मितिः २०७५/११/०५
आयोजकः नवलपुर उद्योग वाणिज्य संघ
स्थानः प्रथम (नगद रु. १५००० र प्रमाणपत्र)
सहभागीः पुजा पराजुली

१५.चित्रकला तर्फ (आन्तरिक)

एलिसा न्यौपाने –प्रथम
निराजन बुढा – द्वितीय
आशिका पौडेल तृतीय
साजन सुनार सान्त्वना

१६. निबन्ध प्रतियोगिता (आन्तरिक तर्फ)

मुस्कान वस्याल – प्रथम
समिक्षा गिरी – द्वितीय
सफलता सुवेद – तृतीय

१७.निबन्ध प्रतियोगिता (आन्तरिक, स्नातक एंव स्नातकोत्तर तर्फ)

यामकला पौडेल (मनिषा) –प्रथम
किरण अर्याल – द्वितीय
इन्द्रजित वि.क. – तृतीय

१८. वक्तृत्वकला प्रतियोगिता (वाह्य)

मितिः २०७५/११/२१
आयोजकः स्वप्रेरित यूवा क्लव
शीर्षकः "वेरोजगारी, दुर्व्यसन र सामाजिक विकृति न्यूनिकरणमा यूवाको भुमिका"
स्थानः प्रथम (नगद १० हजार र प्रमाणपत्र)
शीर्षकः पर्यटन, कृषि, उद्योग र व्यापार, समृद्ध नवलपुरको आधार
स्थानः प्रथम पुरस्कार (नगद १५००० र प्रमाणपत्र)

१९.विज्ञान प्रदर्शनी कार्यक्रम

मितिः २०७५/११/११
आयोजकः अक्सफोर्ड कलेज
स्थानः प्रथम (नगद १०००० र प्रमाणपत्र)
सहभागी विद्यार्थीहरुः
निशान्त गिरी
नविन महतो
एलिसा न्यौपाने
समिक्षा गिरी
रिजन जि.सी.
आशिका दाहाल

२०. वक्तृत्वकला प्रतियोगिता (आन्तरिक)

मितिः २०७५/११/१६ गते
शीर्षकः
सहभागी विद्यार्थीहरुः
पुजा पराजुली – प्रथम
ओशिन कंडेल – द्वितीय
सफलता सुवेदी – तृतीय
सहभागी विद्यार्थीहरुः
प्रतिभा तिमिल्सेना – प्रथम
यामकला पौडेल – द्वितीय
प्रदिप काफ्ले – तृतीय

२१. Musical Chair (Internal, girls)

अनिता सदाकंकर – प्रथम
सविना क्षेत्री – द्वितीय
प्रियङ्का पौडेल – तृतीय

Boys Football(First)- BBS Mix

S.N	Name	Level
1	Aayush Thapa	BBS 1st
2	Mison Bohora	BBS 1st
3	Abinash Sinjali	BBS 1st
4	Sandesh Pun	BBS 1st
5	Albin Saru Magar	BBS 1st
6	Dewan Gurung	BBS 1st
7	Manoj Thapa Magar	BBS 1st
8	Birendra Saru Magar	BBS 3rd
9	Kasish Raj Amatya	BBS 3rd
10	Nabin Gurung	BBS 3rd
11	Bibek Mahato	BBS 3rd
12	Ranjit Pachhai	BBS 4th
13	Umesh Singali Magar	BBS 2nd
14	Keshav Kumar Mahato	BBS 3rd
15	Kamal Gurung	BBS 4th

Boys Football(Second)

S.N	Name	Level
1	Sandesh Karki	12 Mgmt.
2	Sandesh Sinjapati Thapa	12 Mgmt.
3	Pawan Shrees	12 Mgmt.
4	Milan Rana	12 Mgmt.
5	Nishan Chhetri	12 Mgmt.
6	Rup Bahadur Thapa Magar	12 Mgmt.
7	Nawaraj Basyal	12 Mgmt.
8	Roshan Thanet	12 Mgmt.
9	Prabin K.C.	12 Mgmt.
10	Amit Rana Magar	12 Mgmt.
11	Chudamani Khamcha Magar	12 Mgmt.
12	Rudra Bahadur Khatri	12 Mgmt.
13	Anjal Thapa	12 Mgmt.
14	Sirjan Shrestha	12 Mgmt.
15	Manish Chaudhary	12 Mgmt.

Boys Cricket(First)- BBS Kailash's Team

S.N	Name	Level
1	Shreedhar Bhattarai	BA 3rd
2	Gaurav Bishowkarma	BBS 1st
3	Adit Raut	BBS 1st
4	Keshav Giri	BBS 1st
5	Sachin Bhattarai	BBS 1st
6	Aayush Thapa	BBS 1st
7	Kailash Pangeni	BBS 1st
8	Sujan Dhungana	BBS 1st
9	Himal Kanu Magar	BBS 1st
10	Dewan Gurung	BBS 1st
11	Anish G.C.	BBS 3rd
12	Kasish Raj Amatya	BBS 3rd
13	Birendra Saru Magar	BBS 3rd
14	Safal Neupane	BBS 3rd
15	Nabin Gurung	BBS 3rd

Boys Cricket(Second) BBS Jeetu Team

S.N	Name	Level
1	Niraj Kafle	BBS 1st
2	Sushant Pokharel	BBS 1st
3	Sachin Khanal	BBS 1st
4	Gaurav Bhurtel	BBS 1st
5	Jeetu Chapagain	BBS 3rd
6	Manjil Chalise	BBS 3rd
7	Sharad Regmi	BBS 3rd
8	Bishwas Lamichhane	BBS 3rd
9	Kishor Puwali	BBS 3rd
10	Prakash Regmi	BBS 3rd
11	Pankaj Regmi	BBS 3rd
12	Shishir Regmi	BBS 4th
13	Suraj Acharya	BBS 3rd
14	Santosh Kafle	BBS 3rd
15	Ajay Sharma Tiwari	BBS 3rd

Boys Volleyball(First)
BBS

S.N	Name	Level
1	Keshav Kumar Mahato	BBS 3rd
2	Santosh Mahato	BBS 3rd
3	Birendra Saru Magar	BBS 3rd
4	Kiran Aryal	BBS 2nd
5	Binaya Rasali	BBS 1st
6	Manoj Rasali	BBS 2nd
7	Kiran Sunar	BBS 1st
8	Numakhar Poudel	BBS 2nd
9	Ganesh Mahato	BBS 1st

Boys Volleyball(Second)

S.N	Name	Level
1	Dipshan Baraghare Magar	11 Education
2	Bijay Birkatta Magar	11 Education
3	Santosh Shrestha	12 Education
4	Min Bahadur Soti Magar	12 Education
5	Yubara Somai Magar	12 Education
6	Khadga Sing Saru	12 Education
7	Aabhash Kumal	12 Education
8	Khimraj Ale Magar	12 Education
9	Suraj Bahadur Gaha	12 Education

Girls Volleyball(First)
11/12 HM

S.N	Name	Level
1	Sommaya Saru Magar	12 HM
2	Khimmaya Saru Magar	12 HM
3	Manika Kanu Magar	12 HM
4	Anju Chaudhary	11 Management
5	Janaki Mahato	11 Science
6	Nisha Thapa Magar	12 Management
7	Rubisa Gurau	11 HM
8	Chitra Kala Sapkota	12 Management
9	Sagun Thapa	12 HM

Girls Volleyball(Second)
11/12 Mix

S.N	Name	Level
1	Manisa Maske Rana	12 Management
2	Ritu Gelang Magar	12 Management
3	Preetika Gurung	12 Management
4	Mamata Mahato	12 Management
5	Laxmi Mahato	12 Management
6	Khummaya saru magar	11 Hotel Mgmt.
7	Manisha Mahato	12 Management
8	Anjali Pun	12 Management
9	Srijana Thakuri	12 Management

Girls Tug of War (First)
11 HM

S.N	Name	Level
1	Bhumika Mahato	11 HM
2	Ankita Thanet	11 HM
3	Deepika Saru	11 HM
4	Shreejal Gurung	11 HM
5	Khum Maya Saru	11 HM
6	Simran Gurung	11 HM
7	Princy Pokhrel	11 HM
8	Mamata Ale	11 HM
9	Bipasha Resmi Magar	11 Mgmt.

Girls Tug of War (Second)
12 HM

S.N	Name	Level
1	Riya Shahi Ruchal	12 HM
2	Khim Maya Saru Magar	12 HM
3	Som Kala Saru	12 HM
4	Anu Kumal	12 HM
5	Manika Kanu Magar	12 HM
6	Meghina Bhattarai	12 HM
7	Bibika Adhikari	12 Mgmt
8	Chitra Kumari Sapkota	12 Mgmt
9	Srijana Thakuri	12 Mgmt

Girls Kabaddi(First)
12 HM

S.N	Name	Level
1	Somkala Saru	12 HM
2	Chitra Kumari Sapkota	12 Mgmt
3	Bunu Magar	11 Mgmt
4	Srijana Thakuri	12 Mgmt
5	Anu Kumal	12 Mgmt
6	Swostika Lamichhane	11 Science
7	Nisha Thapa	12 Mgmt
8	Mamata Mahato	12 Mgmt
9	Bibika Adhikari	12 Mgmt

Girls Kabaddi (Second)
11 HM

S.N	Name	Level
1	Bhumika Mahato	11 HM
2	Ankita Thanet	11 HM
3	Princy Pokhrel	11 HM
4	Shreejal Gurung	11 HM
5	Simran Gurung	11 HM
6	Khummaya Saru	11 HM
7	Mamata Ale	11 HM
8	Merina Mahato	11 HM
9	Bipasha Resmi Magar	11 Management

Boys Basketball (First)

S.N	Name	Level
1	Darshan Neupane	12 Management
2	Rup Bahadur Thapa	12 Management
3	Amrit Ghimire	12 Management
4	Rupak Pun Magar	11 Management
5	Saurav Paudel	12 Management
6	Aakarshan Singh K.C.	12 Management
7	Giriraj Gaudel	12 Management
8	Sumit K.C.	12 Management
9	Anish Gaha Magar	12 Education
10	Sandesh Sinjapati Thapa	12 Management
11	Milan Saru Magar	12 Management
12	Pawan Bhattarai	12 Management

Boys Basketball (Second)
BBA Mix

S.N	Name	Level
1	Ashim Rana	4th semester
2	Nabin Khanal	6th semester
3	Samundra Poudel	1st semester
4	Sujan Thapa Chhetri	1st semester
5	Bidur Maraseni	2nd semester
6	Padam Gyawali	8th semester
7	Sajan Khanal	1st semester
8	Bishal Sigdel	6th semester
9	Ambika Prasad Tiwari	8th semester
10	Ashim Rana Magar	6th semester
11	Kshitij Lamsal	6th semester
12	Bishal Shrestha	BICTE 1st Sem

Slow Cycle Race (Boys)

Position	Name	Level
First	Anish Regmi	11 Science
Second	Prashant Mishra	11 Mgmt
Third	Nitesh Gurau	12 Education

Slow Cycle Race (Girls)

Position	Name	Level
First	Chitra Kumari Sapkota	12 Mgmt
Second	Lalita Neupane	BBS first year
Third	Purnima Rimal	12 Science

Boys Futsal BBA (Boys)

S.N	Name	Level
1	Sujan Thapa Chhetri	1st semester
2	Sumandra Poudel	1st semester
3	Sajan Khanal	1st semester
4	Susan Gurung	1st semester
5	Bidur Marasini	2nd semester

Boys Futsal BBA (Girls)

S.N	Name	Level
1	Anisha G.C.	6th semester
2	Punam Chapagain	6th semester
3	Ichchha Khadka	6th semester
4	Neha Ghale	6th semester
5	Manisha Sapkota	6th semester
6	Garima Gurung	6th semester
7	Humkala Sapkota	6th semester
8	Nikita Sunar	6th semester
9	Dikshya Sharma	6th semester

Umpre

SN	Name	Game	Address
1	Diwash Malla	Basketball	Kawasoti-8
2	Sanjog Soti	Basketball	Kawasoti-3
3	Sunil Midhun Magar	Basketball	Kawasoti-2
4	Bishal Shrestha	Basketball	Kawasoti-3
5	Sailendra Ghimire	Basketball	Kawasoti-3
6	Aayush G.T.	Basketball	Kawasoti-3
7	Saugat Thapa Magar	Basketball	Madhyabindu-7
8	Aayush Subedi	Cricket	Devchuli-13
9	Rishi Gautam	Cricket	Kawasoti-8
10	Prashant Chapagain	Cricket	Kawasoti-4
11	Kailash Pangeni	Cricket	Kawasoti-9
12	Keshav Giri	Cricket	Kawasoti-16
13	Laxman Rana (Kawasoti-6)	Volleyball	Kawasoti-6
14	Santosh Shrestha	Volleyball	Kawasoti-2
15	Gita Shrestha (Kawasoti-16)	Volleyball	Kawasoti-16
16	Prem Kumari Saru Magar	Volleyball	Kawasoti-16
17	Inshu Magar (Kawasoti-3)	Volleyball	Kawasoti-3
18	Moti Ram Mahato (Kawasoti-15)	Volleyball	Kawasoti-15
19	Giri Raj Gaudel	Kabaddi	Kawasoti-15
20	Sandip Khanal	Kabaddi	Madhyabindu-15
21	Rup Bahadur Thapa	Kabaddi	Kawasoti-8
22	Anish Gaha Magar	Kabaddi	Kawasoti-2
23	Mahesh Adhikari Chhetri	Football	Kawasoti-3
24	Nabin Gurung	Football	Kawasoti-3
25	Dewan Gurung	Football	Kawasoti-3

Best Player

SN	Name	Game	Level
1	Rupak Pun Magar	Basketball	11 Management
2	Birendra Saru Magar	Best Batsman	BBS 3rd Year
3	Adit Raut	Best Bowler	BBS 1st Year
4	Mamata Mahato	Kabaddi- Girls	12 Management
5	Santosh Shrestha	Volleyball- Boys	12 Education
6	Mamata Mahato	Volleyball- Girls	12 Management
7	Shishir Phal	Football	BBS 1st Year

अभ्यास शिक्षण विभाग
वार्षिक प्रतिवेदन -२०७९/०८०

१. पृष्ठभूमि

हिमलाल चापागाईं
संयोजक

त्रिभुवन विश्वविद्यालयले शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि अनिवार्य रूपमा अभ्यास शिक्षण कार्यक्रममा सहभागी हुनुपर्ने व्यवस्था गरेको छ । विशेषगरी स्नातक तह चौथो वर्षको वार्षिक परीक्षापश्चात् वा अगावै र स्नातकोत्तर तह चौथो सेमेष्टरको परीक्षामा सम्मिलित विद्यार्थीहरुलाई छात्र/छात्रा शिक्षकको रुपमा अभ्यास शिक्षणमा सरिक गराउने प्रावधान त्रि.वि.ले राखेको छ। विद्याथीहरुले सैद्धान्तिक रुपमा प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतार्न सकून् भन्ने ध्येयले त्रि.वि.ले शिक्षाशास्त्र बिभाग अन्तर्गत अध्ययन गर्ने विद्यार्थीहरुका लागि अभ्यास शिक्षणमा संलग्न गराउने नीतिअनुरुप पाठ्यक्रम तयार पारी सोही बमोजिम अभ्यास शिक्षण गर्ने, गराउने व्यवस्था गरेको छ । यस सन्दर्भमा सो कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि शिक्षाशास्त्र विभाग अन्तर्गत रहने गरी अभ्यास शिक्षण विभाग गठन गर्नुपर्ने प्रावधान राखेको छ। सोही अनुरूप यस मध्यि(वन्दु बहुमुखी क्याम्पसले पनि आफ्नो स्थापनाको समय (वि.सं. २०६३) देखि नै एउटा छुट्टै अभ्यास शिक्षण विभाग गठन गरेको छ। यस विभागले गठनको सुरुवातदेखि आफ्ना कार्यक्रमहरु निकै व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्दै आइरहेको छ। अभ्यास शिक्षण विभागद्वारा सञ्चालित यस्तो कार्यक्रमले विद्यार्थीहरुमा प्रयोगात्मक ज्ञान, सीपको बिकास गरी उनीहरुलाई भविष्यमा सफल शिक्षक बन्नका लागि समेत उत्प्रेरणा प्रदान गरेको देखिन्छ। यसै सन्दर्भमा यस विभागले विगतका शैक्षिक सत्रमा जस्तै शैक्षिक सत्र २०७९/०८० मा स्नातक तह चौथो वर्षको वार्षिक परीक्षा दिइसकेका विद्यार्थीका लागि अभ्यास शिक्षण कार्य सम्पन्न गरिसकेको छ । यस कार्यक्रम लघु अभ्यास शिक्षण, सहपाठी शिक्षण र वास्तविक अभ्यास शिक्षणजस्ता क्रियाकलाप सफल रुपमा सञ्चालन गरी समापन समेत गरेको छ। यस प्रतिवेदनमा शैक्षिक वर्ष २०७९/०८० मा सञ्चालित अभ्यास शिक्षण कार्यक्रम सम्बन्धित गतिविधिलाई प्रस्तुत गरिएको छः

अभ्यास शिक्षण विभाग २०७९/०८०

संयोजक – श्री हिमलाल चापागाईं (अङ्ग्रेजी शिक्षा)
सदस्य – श्री नवीन पाठक (गणित शिक्षा)
सदस्य – श्री मुक्तिनाथ ढकाल (नेपाली शिक्षा)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय डीनको कार्यालयद्वारा अभ्यास शिक्षण सम्बन्धी नयाँ निर्देशिका जारी गरेकाले शैक्षिक वर्ष २०७९ को लागि स्नातक तह चौथो वर्षको शिक्षणसम्बन्धी वार्षिक कार्यसूची निर्माण अभ्यास शिक्षण विभाग, सम्बन्धित विषय शिक्षक र बि. एड. चौथो बर्षमा अध्ययनरत विद्यार्थीहरुको संयुक्त सहभागितामा सम्पन्न गरियो।

शिक्षण विभागका प्रमुख कार्यहरू

- नियमित बैठक तथा छलफल
- व्यवस्थित र प्रभावकारी अभिमुखीकरण कार्यक्रम सञ्चालन
- विभागसंग सम्बन्धित प्राध्यापक तथा विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुसँग भेटघाट, छलफल तथा शिक्षक अन्तरक्रिया
- प्रभावकारी कक्षा निरीक्षण तथा अनुगमन

विभागका सबल पक्षहरू

- हरेक विषयसँग सम्बन्धित आवश्यक सामाग्रीको व्यवस्थापन
- दक्ष कुशल र अनुभवी प्राध्यापकहरुद्वारा कार्यक्रम सञ्चालन आपसी सरसल्लाह तथा सहयोगमा कार्यक्रम सञ्चालन
- सामूहिक नेतृत्व प्रणाली
- प्राध्यापक विद्यार्थी एवम् सहयोगी विद्यालयसँग सुमधुर सम्बन्ध स्थापना
- जिम्मेवारी उत्तरदायित्व बोध
- छिटो, छरितो रुपमा कार्यक्रम सञ्चालन र समापन

विभागका मुख्य समस्या / चुनौतीहरू

- विद्यार्थीहरुले अभ्यास शिक्षणको आवश्यकता बुझ्न नसक्नु,
- अभ्यास शिक्षण कार्यक्रम सञ्चालन भइरहँदा कतिपय विद्यार्थीहरु सम्पर्कमै नआउनु विद्यार्थीले छात्र/छात्रा शिक्षकहरुलाई उपयुक्त जिम्मेवारी दिन नखोज्नु तथा छात्र/छात्रा शिक्षकहरुले पनि जिम्मेवारी लिन नचाहनु,
- विद्यार्थीहरुका व्यक्तिगत कारणले उनीहरुलाई नियमित रुपमा कार्यक्रममा संलग्न गराउन नसकिनु
- डिन कार्यालयको अस्पष्ट निर्देशन तथा ढिला सुस्तीले गर्दा समयमै कार्यक्रम समापन गर्न कठिन हुनु ।

समस्या समाधानमा क्याम्पस प्रशासनलाई सुझाव

- विभागलाई आवश्यक पर्ने सामाग्रीहरु पर्याप्त मात्रामा उपलब्ध गराउनुपर्ने,
- अभ्यास शिक्षण कार्यक्रमसँग सम्बन्धित प्राध्यापकहरुलाई समय समयमा पुनर्ताजगी तालिमहरुको व्यवस्थापन गर्नुपर्ने,
- क्याम्पस र विभागवीच नियमित रुपमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- आन्तरिक सुपरिवेक्षकलाई प्रोत्साहित गर्न उपयुक्त पारिश्रमिक व्यवस्था गर्ने तथा सुविधाहरु पनि

उपलब्ध गराउनुपर्ने,

- नियमित रुपमा अनुगमन गर्नुपर्ने,
- अभ्यास शिक्षणमा संलग्न भएका विद्यार्थीहरुमध्ये उत्कृष्ट (पढाइमा समेत) विद्याथीहरुलाई पुरष्कृत गरिनुपर्ने तथा रोजगारीका निम्ति आवश्यक सहयोग गर्नुपर्ने,
- नियमित कामकै समयभित्र अभ्यास शिक्षण कार्यक्रम संलग्न हुनुपर्ने हुँदा आन्तरिक सुपरीवेक्षकलाई आवश्यक समय प्रदान गर्न सवै पक्षको व्यवस्था गर्नुपर्ने ।

आगामी कार्यक्रमहरूः-

- अभ्यास शिक्षकलाई अझ बढी व्यवस्थित, प्रभावकारी फलदायीमूलक बनाउने,
- आन्तरिक सुपरीवेक्षकहरुलाई पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गर्ने,
- सेवा क्षेत्रभित्रका विद्यालयहरु र क्याम्पसवीच अन्तरक्रिया कार्यक्रम गर्ने,
- समय समयमा सूक्ष्म शिक्षण, समूह शिक्षणका कक्षाहरु अनिवार्य सञ्चालन गर्न हरेक विषय शिक्षकलाई निर्देशन दिने,
- कार्यक्रमलाई अनुशासित, व्यवस्थित मर्यादित र उपलब्धिमूलक प्रविधि सामग्रीहरुको व्यवस्था गर्ने।

अभ्यास शिक्षणमा सहभागी विद्यार्थीहरू २०७८/२०७९

SN	NAME OF STUDENTS	ADDRESS	SUBJECTS	REMARKS
1	AARADHYA PANGENI	Madhyabindu-13	English	
2	ANITA BANSHI	Hupsekot-01	English	
3	ASMITA BHATTARAI	Kawasoti-08	English	
4	ASMITA PANGENI	Madhyabindu-04	English	
5	BABITA SUBEDI	Kawasoti-17	English	
6	BAMADEV SIGDEL	Kawasoti-08	English	
7	BASANA BAMSHI	Kawasoti-08	English	
8	DEEP JYOTI MAHATO	Kawasoti-13	English	
9	DEVI LUITEL	Hupsekot-04	English	
10	KALPANA POUDEL	Kawasoti-09	English	
11	KALPANA SARKI	Kawasoti-12	English	
12	MENUKA MUKTAN	Kawasoti-01	English	
13	NISHA SAPKOTA	Kawasoti-03	English	
14	PRATIBHA GIRI	Kawasoti-16	English	
15	PRATIVA BLON	Kawasoti-01	English	

16	PUSHPA LAMSAL	Kawasoti-10	English	
17	SHOVA BHANDARI	Kawasoti-17	English	
18	SUSMITA RIJAL	Kawasoti-16	English	
19	SHRIYA RANABHAT	Kawasoti-03	English	
20	BABITA POKHAREL	Kawasoti-03	Math	
21	BHARAT SAPKOTA	Kawasoti-15	Math	
22	GOKUL RANA MAGAR	Hupsekot-04	Math	
23	KHADGAJIT RAI MAGAR	Hupsekot-01	Math	
24	KHUSHMAKHAR KAFLE	Kawasoti-05	Math	
25	SOMAN SINGH SARU	Devchuli-13	Math	
26	HARSHA REGMI	Devchuli-10	Math	
27	CHANDRA KUMARI THAPA	Kawasoti-04	Nepali	
28	MALA CHITAURE MAGAR	Kawasoti-02	Nepali	
29	MAN KUMARI TARUNG	Kawasoti-02	Nepali	
30	PURNA MAYA BK	Hupsekot-01	Nepali	
31	TIL SARA SARU MAGAR	Hupsekot-04	Nepali	
32	SABINA BASNET	Kawasoti-16	Nepali	
33	URMILA MAHATO	Hupsekot-01	Nepali	

निष्कर्ष:

अन्तमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापना भएको यस मध्यविन्दु बहुमुखी क्याम्पसमा अभ्यास शिक्षण विभाग एउटा छुट्टै महवपूर्ण विभागका रूपमा रही आएको छ । अन्त्यमा बिशेषतः अभ्यास शिक्षण कार्यक्रमलाई व्यवस्थित, अनुशासित, मर्यादित एवं प्रभावकारी बनाउनु यस विभागको जिम्मेवारी र दायित्व हो । सोही जिम्मेवारी तथा दायित्वलाई सफल रूपमा पुरा गर्न विभागले गठनको सुरुवातदेखि नै आफ्ना कार्यक्रमहरु निकै प्रभावकारी रुपमा सचालन गर्दै आइरहेको छ । क्याम्पसले गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) को मान्यता प्राप्त गरिसकेको सन्दर्भमा यस क्याम्पसलाई अब्बल शैक्षिक संस्थाका रुपमा चिनाउन तथा क्याम्पसको गरिमा उच्च राख्न अभ्यास शिक्षण विभागको अत्यन्तै महत्वपूर्ण भूमिका रहने हुँदा उक्त कुरालाई मनन गर्दै आगामी कार्यक्रमहरु अझ बढी व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्न विभाग प्रतिबद्ध रहने छ । कार्यक्रम सञ्चालनका सन्दर्भमा केही कठिनाइ कमजोरी देखापर्न सक्छन तसर्थ यसका लागि विभाग सरोकारवाला सम्पूर्णबाट रचनात्मक सुझावको समेत अपेक्षा राख्दछ । अन्ततः अभ्यास शिक्षण कार्यक्रम सञ्चालन गर्न तथा त्यसलाई सफलतापूर्वक समापन गर्न प्रत्यक्ष परोक्ष सहयोग पुयाउने सम्पूर्णप्रति विभाग कृतज्ञता ज्ञापन गर्दछ ।

मध्यविन्दु वहुमुखी क्याम्पस पूर्व विद्यार्थी समाज

MADHYABINDU MULTIPLE CAMPUS ALUMNI ASSOCIATION

वार्षिक प्रतिवेदन-२०७९/०८०

भेषराज गाहा
(अध्यक्ष)

नवलपुर जिल्ला बहुजाति, बहुभाषी, बहुसंस्कृति भएको तथा विभिन्न जातजाति, भाषाभाषी, धर्म र संस्कृतिको संगम स्थल हो । आर्थिक अभावका कारण शिक्षा पाउने नैसर्गिक अधिकार समेत ओझेलमा परेको जनसमुदाय पनि यस क्षेत्रमा रहेको छ। त्यस्ता वर्गलाई पनि शिक्षाको मूल धारमा ल्याउन सकियोस भन्ने उद्देश्य एवं यस क्याम्पसको प्रबर्द्धन र सम्बर्द्धनमा समेत हातेमालो गर्ने अभिप्रायले यस संस्थाको स्थापना र उपस्थिति आवश्यकता भए बमोजिम यस क्याम्पसबाट अध्ययन गरेका पूर्व विद्यार्थीहरुको सक्रियतामा वि.सं.२०७२ सालमा यस **मध्यविन्दु बहुमुखी क्याम्पस पूर्व विद्यार्थी समाज (Alumni Association)** को गठन गरिएको हो र हाल यस समाजको माध्यमबाट पूर्व विद्यार्थीहरुको समन्वय र सहकार्य मार्फत यस क्याम्पसको प्रबर्द्धकीय कार्य र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको सहयोगीको रुपमा समेत कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

यसले आफ्नो विधान **'मध्यविन्दु बहुमुखी क्याम्पस पूर्व विद्यार्थी समाजको विधान-२०७७'** समेत जारी गरी क्याम्पसमा दर्ता गरेर जिल्ला प्रशासन कार्यालयमा समेत दर्ताको लागि प्रकृया अगाडि बढाउने निर्णय गरिसकेको छ । साथै आ.व. २०७८/०७९ अवधिमै नयाँ समितिको समेत गठन गरी आफ्नो गतिविधिलाई अगाडि बढाइरहेको छ ।

वर्तमान कार्यसमितिको विवरण :

पद	नाम	ठेगाना	सम्पर्क	संलग्न पेशा
अध्यक्ष	भेषराज गाहा	कावासोती-५	९८४७२७०१०५	राष्ट्रिय बाणिज्य बैंक
उपाध्यक्ष	राम प्रसाद पौडेल	कावासोती-१७	९८४७२६९७४९	शिक्षण, नेपाल मा.वि.
महासचिव	अग्नीधर भुषाल	देवचुली-११	९८५७०४१२८५	प्र.अ., भिमसेन मा.वि.
सचिव	अनन्त कुमार चौबे	कावासोती-३	९८५७०४१२७४	परामर्श व्यवसायी
कोषाध्यक्ष	रेनुका चालिसे	कावासोती-३	९८४७०९६१०९	देवचुली नगरपालिका
सदस्य	मुकुन्द जि.सी.	मध्यविन्दु-१	९८५७०८७८०१	व्यवसायी, सफल युनिफर्म हाउस

सदस्य	सुरज गिरी	देवचुली-११	९८५७०४१६४७	सिद्धार्थ बैंक लि.
सदस्य	प्रकाश महतो	कावासोती-१७	९८४७२४१३८६	व्यवसायी, प्रकाश फ्लेक्स
सदस्य	कमल चापागाई	देवचुली-११	९८५१०९२६४०	प्रिन्सिपल, कावासोती सेन्ट जोसेफ
सदस्य	सन्तोष सिग्देल	कावासोती-९	९८५७०२४३८०	नवलपुर जिल्ला अदालत
सदस्य	ठाकुर पराजुली	कावासोती-३	९८४७००६६९६	व्यवसायी

विश्वव्यापी महामारी कोरोना कहरले सारा विश्व ठप्प भएको अवस्थामा हाम्रो पुर्व निर्धारित कार्यक्रमहरु पनि गतिशिल हुन सकेनन् । शै.व. २०७८/०७९ को लागि तय गरिएका कतिपय कार्यक्रमहरु स्थगन गरिएता पनि केही कार्यक्रमहरु भने समयानुकूल भए संगै तपसिल बमोजिम सञ्चालन गरिएको थियो ।

तपसिल

१. पूर्व विद्यार्थी समाज **पुनर्गठन तथा पुनर्मिलन कार्यक्रम** : मिति २०७८ फागुन १४ गते ।

२. कोषको स्थापना एवम् स्रोत व्यवस्थापन (प्रत्येक सदस्यबाट रु.५,०००। संकलन) साथै क्याम्पस प्रमुखलाई संस्थाको विधान बमोजिम **प्रधान संरक्षक** राख्ने र सो बापत रु.५०,०००। (अक्षेरेपी पचास हजार मात्र) कोषमा संकलन ।

३. बैंक खाता सञ्चालन (आम्दानी र खर्चको व्यवस्थापन बैंक मार्फत नै गरिएको ।)

४. क्याम्पसको १६ औं बार्षिकोत्सव समारोहमा **प्रचार-प्रचार समितिको भूमिका** निर्वाह ।

५. पुर्व विद्यार्थी समाजको आयोजनामा क्याम्पसको १६औं वार्षिकोत्सवको पूर्वसन्ध्यामा **अन्तर मा.वि. वक्तृत्वकला प्रतियोगिता** आयोजना (२०७८ फागुन २० गते) एवं वार्षिकोत्सवको मञ्चमा नगद एवं प्रमाण-पत्र सहित पुरस्कार वितरण ।

६. क्याम्पसको विभिन्न कार्यक्रमहरुमा **संस्थागत सहभागिता** :

७. Interaction Program with pre–visit Team (Second cycle for Accreditation for QAA) : २०७९ वैशाख ४ गते ।

८. नवनियुक्त क्याम्पस प्रमुख श्री गणेशमान गिरीज्यूलाई बधाई तथा शुभकामना एवं सम्मान कार्यक्रम : २०७९ वैशाख ४ गते ।

९. संस्थाको गतिविधिहरु सामाजिक सञ्जाल मार्फत् विश्वभरी रहेका यस क्याम्पसका पुर्व विद्यार्थीहरुमाझ सम्प्रेषण गर्न र सबैलाई एकआपसमा जोड्न **मध्यबिन्दु वहुमुखी क्याम्पस पूर्व विद्यार्थी समाज, नवलपुर** नामक **फेसबुक पेज** सञ्चालन गरिएको ।

१०. कार्य समितिको पदाधिकारी तथा सदस्यहरुको व्यस्ततालाई ध्यानमा राखी नियमित सम्पर्क तथा संस्थागत विषयमा सल्लाह सुझावका लागि **मेसेन्जर ग्रुप** मार्फत नियमित सम्पर्कको व्यवस्था ।

यस मध्यविन्दु बहुमुखी क्याम्पस पूर्व विद्यार्थी समाजको यस शैक्षिक वर्षको शुरुमा संस्थाका सबै सदस्यहरुको राय एवं सुझाव बमोजिम विगतका कार्यको समीक्षा गर्दै आगामी वर्षको लागि तपसिल

बमोजिका वार्षिक कार्ययोजना तर्जुमा गरिएको छ। संस्थाले यस क्याम्पसका पूर्व विद्यार्थीहरु जो देश तथा विदेशमा विभिन्न कामको सिलसिलामा रहेका छन्, उनीहरुसँगको समन्वय र सहकार्यमा यस क्याम्पसको गरीमा सदा सर्वदा उच्च बनाइराख्न र क्याम्पसको प्रचार प्रसारमा विशेषतः प्रबर्द्धनकारी भूमिका निर्वाह गर्दै आर्थिक अभावका कारण शिक्षाबाट बञ्चित हुने अवस्थालाई हटाउँदै यस क्षेत्रको शिक्षाको अवस्थामा सहयोग पुऱ्याउने उद्देश्य लिएको छ।

वार्षिक कार्ययोजना-२०७९/०८०

क्र.सं.	**कार्यक्रम**	**समय**	**जिम्मेवार निकाय**	**सहयोगी**
१.	संस्था दर्ता	शै.व.०७९/८०	संस्था आफैं	क्याम्पस
२.	भूतपूर्व विद्यार्थी पुनर्मिलन कार्यक्रम	असोज	संस्था आफैं	क्याम्पस
३.	शैक्षिक सामाग्री वितरण - विभिन्न पालिकामा	कार्तिक	संस्था आफैं	क्याम्पस अन्य विद्यालय
४.	अन्तर क्याम्पस **फुटसल** प्रतियोगिता	मंसिर	संस्था आफैं	क्याम्पस अन्य क्याम्पस दातृ निकाय
५.	वार्षिकोत्सवको पुर्व सन्ध्यामा अन्तर विद्यालय हाजिरीजवाफ प्रतियोगिता	फागुन	संस्था आफैं	क्याम्पस अन्य विद्यालय
६.	सचेतनामुलक कार्यक्रम	वैशाख	संस्था आफैं	क्याम्पस अन्य विद्यालय
७.	पुर्व विद्यार्थीहरुको tracer study मा सहयोग	निरन्तर	क्याम्पस	संस्था आफैं
८.	स्रोतको संकलन (कोषको व्यवस्थापन) विशेषतः पुर्व विद्यार्थी संग	निरन्तर	संस्था आफैं	क्याम्पस पुर्व विद्यार्थीहरु

अन्त्यमा, वार्षिक कार्ययोजनामा उल्लेख गरिएका कार्यक्रमहरु समयमा नै सम्पन्न गरी निर्दिष्ट गरिएका उद्देश्य प्राप्ति र क्याम्पसको गरीमा बृद्धि गर्नका लागि सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्य सम्पन्न गर्ने दिशातर्फ केन्द्रित हुनुपर्ने आवश्यकता आजको अपरिहार्यता हो, जसको लागि क्याम्पस र क्याम्पसका विभिन्न विभागहरु बीचको निरन्तर सम्पर्क र समन्वय एवं सम्पूर्ण पूर्व विद्यार्थीहरु बीचको समएकताको भावनाबाट निर्दिष्ट कार्यक्रमहरु हाम्रा आगामी गन्तव्य हुनेछन्।

मध्यविन्दु बहुमुखी क्याम्पस रेडक्रस प्रतिवेदन-२०७९/०८०

विक्रम पाण्डे
(अध्यक्ष)

